नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-७४ दायर मितिः-२०७६/०५/११**

**फैसला मितिः-२०८१/११/१५**

| **वादी** | **प्रतिवादीहरु** |
|---|---|
| **नागेश्वर राउत कुर्मीको जाहेरीले नेपाल सरकार..........................१** | **जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.१३ मुर्ली नयाँ टोल बस्ने जहिरुल हक मियाँको छोरा वर्ष १९ को शेष अमिर समेत ४ जना .........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले जाहेरवालाको छोरा समेतलाई गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीहरुले जाहेरवालाको छोरा समेतलाई गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. हामीले जाहेरवालाको छोरा समेतलाई गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरु शेष अमिर र राजु शेषको बयान कागज।
४. जाहेरवालाको छोरा समेतलाई गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका प्रभु प्रसाद कुर्मी समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०७६।०४।२७ गते बेलुकी १७ः३० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.१३ स्थित नारायणी रंगशालामा मेरो छोरा चन्देश्वर पटेल, निजका साथीहरु शत्रोधन पटेल र प्रिन्स ककुमार मुखीया समेत एथलेटीक्स सम्बन्धी तालिम प्रशिक्षककबाट लिई रहेको अवस्थामा विपक्षीहरु शेष अमिर समेत आई खेल मैदानमा मोटरसाईकल चलाई खेलाडीहरु तथा प्रशिक्षक समेतलाई डिस्टर्ब गरी रहेको अबस्थामा निज विपक्षीहरुलाई समझाई बुझाई गर्दा विपक्षीहरु चन्देश्वर पटेल, शत्रोहन पटेल र प्रिन्स कुमार मुखीया समेतलाई अपशब्द प्रयोग गरी हेलमेट, पंच र फलामको रडबाट प्रहार गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरु शेष अमिर र राजु शेषले गरेको बयान तथा प्रतिवादीहरु शेष अमिर, राजु शेष र तुफान अन्सारी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीहरु शेष अमिर, राजु शेष र तुफान अन्सारी र थमाउने म्याद समेत गुजारी अनुपस्थित रहेका प्रतिवादी सर्फराज अन्सारी समेतले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी एथलेटीक्स सम्बन्धी तालिम प्रशिक्षककबाट

लिई रहेको अवस्थामा प्रतिवादीहरुले जाहेरवालाको छोरासमेतलाई खेल मैदानमा गाली गलौज तथा हातपात गरी घाईते समेत बनाई अभद्र व्यवहार गरेको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु शेष अमिरलाई कैद दिन १७ र जरिवाना रु.६०००/- अक्षरेपी छ हजार, राजु शेषलाई कै दिन ३ र जरिवाना रु.६०००/- अक्षरेपी छ हजार मात्र, तुफान अन्सारीलाई जरिवाना रु.७०००/- र अनुपस्थित प्रतिवादी सर्फराज अन्सारीलाई जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र ठहर्छ । साथै ऐ.ऐ.संहिताको दफा १२७ को हकमा प्रतिवादीहरुबाट घाईतेहरुलाई उपचार खर्च रु.१८०२२/- भरी भराई दिन समेत ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## <u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी शेष अमिरलाई ठहरेको कैद दिन १७ को हकमा निज मिति २०७६/०४/२७ देखि २०७६/०५/११ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.२२/२०७६/०५/१३ बाट दाखिला गरेको धरौटी रकम रु.६०००/- बाट जरिवाना रकम रु.६०००/- कट्टी गर्नु, प्रतिवादी राजु शेषलाई ठहरेको कैद दिन ३ को हकमा निज मिति २०७६/०५/०९ देखि २०७६/०५/११ गते सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा निजले र.नं.२३/२०७६/०५/१३ गते बाट दाखिला गरेको धरौटी रकम रु.६०००/- बाट जरिवाना रकम रु.६०००/- कट्ट गर्नु, प्रतिवादी तुफान अन्सारीलाई ठहरेको जरिवाना रु.७०००/- निजले दाखिला गरेको धरौटी रसिद नं.१७५०/२०७६/०७/१९ बाट दाखिला गरेको धरौटी रकम रु.७०००/- बाट जरिवाना रकम रु.७०००/- कट्टी गर्नु र अनुपस्थित प्रतिवादी सर्फराज अंसारीलाई ठहरेको जरिवाना रु.१००००/- असुल उपर गर्न र प्रतिवादीहरुबाट घाईतेहरुलाई उपचार खर्च रु.१८०२२/- भरी भराई दिन जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गर्नु ----------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु----------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------१

**गणेश अर्याल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ फाल्गुन महिना १५ गते विहीवार रोज ५/ ने.सं. ११४५ सिल्लागा चतुर्दशी, शुभम् ........